पावल- तिमोथी गोठालोको अध्ययन दिनेकाम जी. 1 ए.

# बर्णाबास-उदारदाता

## येशू जसलाई हामी प्रेम गर्दछौ, भन्नु भयो, उदारतापूर्वक देऊ।

बलकहरुलाई सिकाउनेले जी 1 बी अध्यन गर्नु पर्छ

**प्रार्थनाः** "हे स्वर्गीय पिता, तपाईले हामीलाई पुत्र येशू अनि अनन्त जीवन दिनु भयो। हामीलाई सबै असल थोकहरु उपभोग गर्न दिनु भयो। तपाईको असल उपहारहरु मैले अनि मेरो मण्डलीले खाँचोमा परेकाहरुलाई बाँड चुड़ गर्नमा सहायता गर्नुहोस्।"

1. **उदारतापूर्वक दिनलाई आफ्नो हृदयलाई तयार पार्नु होस् अनि आफ्नो बगाललाई त्यसै गर्न सिकाउनु होस्।**

   बर्णबास अनि प्रथम इसाईहरुले उदारतापूर्वक दिए।

- **प्रेरित 2:44-45** मा पाउँदछौ कि पहिलो विश्वासीहरुले खाँबो पुरा गर्नलाई कसरी दिएका थिए।

  क) कस्ता विश्वासीहरुले दिए?

  ख) तिनीहरुले कसलाई दिए?

  *[उत्तरहरुः क) जससित दिने क्षमता थिए। ख) जस जसलाई खाँचो थियो।]*

- **प्रेरित 4:32-37** या पाउँदछौं कि बर्णबासले खाचोम परेका विश्वासीलाई सहयोग पुराए।

  क) तिनले के बिक्रि गर्नु परयो?

  ख) तिनले कसलाई दिए?

  *[उत्तरहरुः क) जमीन। ख) खाँचोमा परेकाहरुलाई बाँटन भनी प्रेरितहरुलाई दिए।]*

- **प्रेरित 11:28-30** मा पाउँदछौं कि खाँचोमा हुनेलाई मण्डलीले कसरी सहयोग पुऱ्याउन पर्छ।

  क) विश्वासीहरुले कति दिए?

  ख) तिनीहरुले कसलाई दिए?

  *[उत्तरहरु : क) आफ्ना आफ्ना औकातअनुसार। ख) यरुशलेममा खाँचोमा परेका विश्वासीहरुलाई।*

  दिने जतिलाई परमेश्वर को प्रतिज्ञा

- **हितोपदेश 19:17 मा पाउँछौं:**

  क) हामीले कसलाई दिनु ?

  ख) परमेश्वर को प्रतिज्ञा के हुन्?

  *[उत्तरहरुः क) गरीबलाई। ख) हामी जे दिंदछौ प्रभुले फिर्ता गर्नु हुनेछ।*

- **लूका 6:30-38 या पाउँछौं:**

  क) हामीले कसलाई दिनु?

  ख) परमेश्वरको प्रतिज्ञा के हो?

*[उत्तरहरु: जसले हामीलाई माग्दछ। ख) जुन नापले दिंदछौ त्यही नापमा दिनुहुनेछ।]*

- **2 कोरन्थी 9:1-11 मा पाउँछौ:**

  क) हामीले कसलाई दिनु?

  ख) हामीले कतिसम्म दिनु?

  ग) परमेश्वरको प्रतिज्ञा के छ?

  घ) दिनलाई हामीभित्र कस्तो हुनपर्छ?

*[उत्तरहरु: क) खाँचोमा परेका इसाईहरुलाई। ख) हाम्रो मनमा जे तय गर्छौं। ग) हामी सित दिनलाई सदैव प्रशस्त हुनेछ। घ) हर्षित।]*

- **फिलिप्पी 4:13-19 मा पाउँदछौ:**

  क) हामीले कसलाई दिनु?

  ख) परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ?

[उत्तरहरु: क) नयाँ मण्डली शुरु गर्ने प्रेरितहरुलाई। ख) परमेश्वरले हाम्रा सबै अभावरहरु पुरा गरिदिनुहुनेछ।]

- **मत्ती 6:19-21 मा पाउँदछौ:** होम्रा धन-सम्पत्ति कहाँ थुपार्नु पर्छ?
- **मत्ति 6:31-33 मा पाउँछौं:** हामीले पहिले केको खोजी गर्नुपर्छ?



**2 तपाईको सहयोगीहरु सित आउँदो हप्ताको योजना बनाउनु होस।**

- तपाईको बगाल अनि अरुहरुको खाँचोलाई बुझ्नु होस् जसलाई विश्वासीहरुले दिनुछ।
- विश्वासीहरुको उपहारको साथमा खाँचोमा परोकहरुलाई भेटन जानु होस्। मण्डली भित्र खाँचोमा परेकाहरुबाट शुरुवात गर्नु होस्, त्यसपछि जसलाई खाँचो छन्, तिनीहरूलाई सेवा पुरयाउनु होस, (गलाती 6:10)
- दानस्वरुप प्राप्तभएका अनि वितरण गरेका रुपिया पैसाका हर हिसाब एउटा खातामा सही ढंगमा राख्ने गर्नुहोस्।

**पावल- तिमोथी गोठालोको अध्ययन दिनेकाम जी. 1 ए.**

- खाँचोमा परेकाहरुलाई ध्यान दिनको निम्ति डीकनहरुको नियुक्ती, प्रेरित 6:1-6 अनुसार।

**3. आउने दिनहरुमा हुने सेवा संगतीको निम्ति तपाईको सहयोगीहरुसित योजना बनाउनु होस्।**

बर्णबासले खाँचोमा परेकालाई कसरी दिए त्यसको सविस्तार वर्णन वा उदाहरण देखाउनु होस्, (प्रेरित 4:32-37)।

क्षमा पाएकी त्यस स्त्रीले येशूलाई आफ्नो प्रेम कसरी दर्शाए त्यसको सविस्तार वर्णन गर्नु होस्, लूका 7:36:50

त्यस विघवाले आफ्नो अन्तिम आधा पैसा कसरी परमेश्वरलाई चढ़ाईन् त्यसको सविस्तार वर्णन गर्नु होस् वा देखाउनु होस्, मर्कूस 12:38-44। वा बालकहरुलाई नाटक गर्न ठूलगाउनुहोस् अनि ठूलाहरुले तयारी गरे अनुसार प्रश्न जवाब राख्नु होस्।

हितोपदेश 19:17 कण्ठस्थ गर्नुहोस्

कुनै जरुरी आवश्यक्ता पुरा गर्न केहि संग्रह गर्नु होस्

विश्वासीहरुलाई परमेश्वरको महान उपहार बारे बाइबलबाट पढ़न वा मुखस्थ गर्न लगाउनु होस्। यूहन्ना 3:16-17; यूहन्ना 6:47-51; 1 यूहन्ना 3:16-17; रोमी 6:23

प्रभु भोज बारे परिचय दिनलाई, 2 कोरन्थी 35:17-19 पढ़नु होस्। हामीले पालन गर्ने निस्तार चाड़लाई परमेश्वरले आफ्नो पुत्रलाई थुमाको रुपमा उपहार सहित दिएर निस्तार चाड़लाई बदली गर्नुभयो, येशू, 'परमेश्वरको थुमा।'

**दिने अनि प्राप्तगर्ने बारे उत्साह बड़ाउने बाइबलका पदहरु**

| | |
|---|---|
| 1 इतिहास 29:9-13 | लूका 7:36-50; 14:12-14 |
| 1 कोरन्थी 16:1-4 | मत्ति 6:19-21;6:31-33;19:28-30;25:34-35 |
| 1 यूहन्ना 3:16-19 | फिलिप्पी 4:13-19 |
| 1 तिमोथी 5:3-5 | हितोपदेश 11:24-28;19:17;21:13;22:9;28:27 |
| 2 कोरन्थी 9:7-8 | भजन संग्रह 39:4-7 |
| प्रेरित 11:28-30;20:32-35 | रोमी 10:13-15;15:20-25 |
| याकूब 2:14-16 | व्यवस्था 8:15-19; 15:7-11 |

# एउटी गरीब विधवाले आफूसित भएको सबै प्रभुलाई चढ़ाइन

प्रार्थना, "पिता, यस अध्ययनबाट बालकहरुलाई खुशिसाथ दिने बनाउनु होस्।"



कुनै क्रियाकलापलाई बालकहरुको निम्ति चुन्नुहोस्।

गरीब विधवाको कथा सुनाउनु होस् वा लूका 21:14 बाट पढ़नु होस्।

कथा सुनाउन भन्दा अघि, बालकहरुलाई ध्यानसित सुन्न लगाउनु होस् कि परमेश्वरलाई खुशि तुल्याउने दिने कामहरुको पत्तो लगाउन। कथा सुनाए पछि, सोघ्नहोस्:

- त्यस गरीब विधवाले भेटीमा के चढ़ाइन्?
- त्यस विघवाले आफूसित भएको बाट कति चढ़ाएकी थिइन?
- विधवाको भेटी बारे येशूले के भन्नु भयो?
- के परमेश्वरलाई घेरै बहुमुल्य बलिदान दिनुथियो?
- परमेश्वरको दृष्टिमा कसले बढ़ता चढ़ाए, विधवाले कि द्यनी मानिसले?

दइवटा पुरानो रोमी पैसा वा एउटा कन्तुरमा पैसा भएको वा विधवाको, वा एउटा घनी मानिसको चित्र कोर्नु होस्। ठूलो बालकहरुले सानाहरुलाई सहयोग गरुन्।



- हामीले परमेश्वरलाई कसरी दिन पर्छ भनि चित्रले स्पष्ट पर्दछ, व्याखा गर।
- बालकहरुलाई चित्र नकल गर्न दिनुहोस् वा एउटा कुनै पैसाको चित्र खिच्न लाउनुहोस्।
- हामीले विघवाले जस्तै खुल्ला, खुशिले, आनन्दले अनि हृदयदेखि उदारतापूर्वक दिन पर्छ, कसैको

करकापले होइन भनि स्पष्ट पार्नोस्।

- बालकहरुले बनाएको चित्रबारे अर्को आराघनाको समय ठूलाहरु माझ व्याखा गर्न लगाउनु होस्।

  गिबाको एउटा दयालु बूढ़ा मानिसको कथा सुनाउनु होस् वा न्यायकर्त्ता 19:14-21 देखि पढ़नु होस्।

  त्यो दयालु बुढा मानिसको कथालाई न्यायकर्ता 19:14-21 बाट नाटकीय दृष्य बनाउनु होस्

- ठूलो बालकहरुले यी भागहरु खेलुनः

  **कथक।** अरु वालकहरुले के भन्नु पर्ने सहायता दिनलाई कथालाई पढ़ी देऊन।

  **लेवी।**

  **बूढ़ा मानिस।**

स. सानाहरुलाई यी भागहरु खेल्न दिनुहोस्ः

  **नोकर**

  **नोकरनी।**

  **गधाहरु।** हत र खुट्टा (वा घोंडा) कोभरमा गधा जस्तै हिंड्नु।

  **गिबाका मानिसहरु**

**कथकः** "यो कथा एउटा लेवीको हो जो आफ्नो नोकर अनि नोकरनी सित प्राचीन इस्राएलबाट भएर यात्रा गरीरहेका थिए।" (न्यायकर्ता 19:14-21 पढ़नुहोस्)।

**नोकरः** "मालिक, घाम अस्ताई सके। अब हामी उसो अघाड़ी बड़्न सक्दैनौं।

**नोकरनीः** "हामी यो शहर मित्र पसेर सुत्ने डेरा पत्तो गैरौं।" (एक कुना तर्फ गए जस्तो गरेर ढोकामा ढक ढकाए जस्तो गर्नु।)

**गिबाको मानिसः** "तपाई के चाहनु हुन्छ?"

**लेवीः** "हामीलाई बास दिनुहोस। हामी यात्रा गर्दै आएका हौं अनि आजको रात बिताउन हामीलाई ठाउँ चाहिएको छ। हामी भुक्तान गर्नेछौं।

**गिवाको मानिसः** "मेरो घरमा यात्रीहरुलाई राख्न चाहन्न! शहर चौकको मैदानमा सुत्न जानु होस्।"

**कथकः** "तिनीहरुले यसरी नै धेरै घहरूमा सोधे तर कसैले तिनीहरुलाई ठाउँ दिएनन्।"

**लेवीः** "आउ! हामी खुला चौकमा सत्नै पर्छ। जागा बस। यहाँ खतरा छ।" (केही कदम हिंड़ेर जमिनमा बस्दछ।)

**इ** शान्ति! तपाईहरु कहां जाँदै हुनुहुन्छ? यहाँ धेरै खतरा छ।"

**लेवीः** "हामी एप्रैम तर्फ गईरहेका छौं। हामीलाई कसैले पनि घरमा ठाउँ दिएनन्। हामीसित खानलाई प्रशस्तै रोटी र पानी छन्, त्यत्ती मात्र होइन हाम्रो गधाहरुलाई दाना-पानी दिनेछ।"

**पावल- तिमोथी बालकहरुको अध्ययन-दिनेकाम, जी. 1 ख**

**गधाहरु:** गधाको स्वर बनाएर कराउँदछ (सवैहिड़डुल गर्छ।)

**कथक:** बूढ़ा मानिसले गधाहरुलाई खिलाउँछन्, यात्रीहरुले आफ्नो-आफ्नो खुट्टाहरु घँदछन् अनि तिनीहरुले भोजन खांदछन्।"

नाटकमा भाग लिने सबैलाई धन्यबाद अनि प्रौड़हरुलाई सुनीदिनुभएको निम्ति धन्यवाद।

- बालकहरु र मण्डलीलाई सेवा आराघनाको निम्ति मिलाउनु होस्।
- बालकहरुलाई बूढ़ा मानिसको नाटक प्रौड़हरुको अधिक प्रस्तुत गर्न दिनुहोस्।
- प्रौड़हरुले नाटक द्वारा के असल उद्धारण देख्न सके त्यस बारे उनीहरुलाई एउटा बालकले प्रश्न गरुन। प्रश्न पृष्ट 1 मा भएको।

**कविता:** बालकहरुले एक वा बड़ी पदहरु भजन संग्रहको 50:1,9,10,12 अनि 23 देखि प्रपठन गरुन।

नाटकमा देखे अनुसार यसले कस्तो असल उदाहरण दिंदछ भनि बालकहरुलाई सोघ्न होस्। बालकहरुलाई उत्तरदिन लगाउनु होस् [उत्तर: बूढा मानिसले अपरिचित व्यक्तिहरुलाई सित्थैमा दिए।]

अरुहरुलाई दिने बारे ठूला बालकहरुलाई एउटा कविता वा गीत वा छोंटो कथा लेख्न दिनुहोस्।

कण्ठ गर्नु: लूका 6:38

प्रार्थना: "प्रभु, संसारको सबथोक तपाईकै हुन् अनि तपाईले हामीलाई द्येरै कुरो दिनु भएको छ। हामी धन्यवादी छौं। गरीब विद्यवाले झैं हामी पनि खुशि साथ तपाईलाई दिएर हाम्रो कृतज्ञता जाहेर गर्न चाहँन्छौं। हामीलाई उदारतापूर्वक अनि हृदयबाट नै दिने सिकाउनु होस्।"

अकवीला अनि प्रिस्किला "दुइव्यवसाय" पाल बनाउनेहरू,

# स्वयम सेवकहरुले तिनीहरु आफैलाई सहयता गदर्छ अनि ख्रीष्टको शरीरलाई सेवा पुरयाउँदछ

जसले बालकहरुलाई सिकाउनुहुन्छ भी. ३ख अध्ययन गर्नुपर्नेछ।

1. **नयाँ कर्मचारीहरु नियुक्त गर्नलाई तपाईको मनलाई प्रार्थना अनि परमेश्वरको वचन द्वारा तयार पार्नु होस्।**

**प्रार्थनाः** "प्रभु यीशू, हामी तपाईलाई प्यार गर्दछौं अनि तपाईको सेवा गर्न चाहन्छौं। हाम्रा हातका कामहरुलाई उन्नत गराउनु होस् जसमा कि हाम्रो दिन-व दिनको खाँचो पुरो हुन सकोस, अनि तपाईको शरीरको निरन्त्र सेवा गर्नसकौं अनि तिरस्कृत जगहहरुमा तपाईको राज्य फैलाउन सकौं।"

अकवीला अनि प्रिस्कीलाले गरे ख्रीष्टको शरीरको सेवा गर्नलाई गोठालाहरु अनि प्रेरितहरुले द्येरै अन्य जगहहरुमा आफ्नो जिविका चलाउनभनी काम गर्दथे। त्यस्ता जगहहरु...

क) जहाँ विश्वासीहरुले घेरै नयाँ मण्डली अनि झुण्डहरु शुरु गरेकाछन्।

ख) जहाँ प्रेरितहरु पठाउनु हुन्छ वा आफै जानुहुन्छ, त्यहाँ परिश्रमको एउटा उचित आचरणको प्रदर्शन गर्नु आवश्यक छ। जसरी पावलेले अल्छे थिस्सलोनीकीका इसाईहरुका निम्ति गरेथे, 2 थिस्सलोनीकी 3:6-13।

ग) जहाँ ख्रीष्ट यीशुका चेलाहरु प्रति जन अधिकारीहरु विरोधी हुन्थे।

घ) जहाँ गोठालाहरुलाई अनि नयाँ अगुवाहरुलाई लगातार तालिमको खर्च भुक्तान गर्नविश्वासीहरु अति गरीब छन्।

नयाँ झुण्ड अनि मण्डलीको सुरुवात बाट बगाल बड़दै जाँन्छ तपाईले नयाँ अगुवाहरु भर्ती गर्नै पर्छ अनि तिनीहरुले के गर्नु पर्छ अनि नियमित ढंगले सेवा गर्नलाई जानकारी दिन सहयोग पुरयाउनु पर्छ। जस्तै तपाईले अन्य शहरहरु अनि टाड़ा ठाउँहरुमा नयाँ बगाल शुरु गर्नु हुन्छ, त्यहाँ तिनीहरु आफैलाई सहयोग पुरयाउनको निम्ति एउटा सानो व्यपार धन्धा शुरु गर्न सक्नु हुन्छ।



**प्रेरित 18:1-3 या पाइन्छ... प्रकार को**

- अकवीला अनि प्रिस्कीलाका कस्तो सानो व्यपार थिए (18:3)
- तिनीहरुले कुल शहरलाई छोड़े अनि तिनीहरुले आफूसित कस्तो व्यपार ल्याए। (2)
- कुन प्रचारक, जसलाई जो कामको खाँचोमा थिए, तिनीहरुले नियुक्त गर्नसकेका थिए। (3)

**प्रेरित 18:24-26 या पत्तो लागउनुहोस...**

- अक्वीला अनि प्रिस्कीलाले तिनीहरुको घरमा कसलाई अधिक तालिम दिए।
- अप्पेलसलाई तिनीहरुले कहाँ भेटाए। (यहूदीहरुको प्रार्थना घर एउटा सभाघर हो।

**रोमी 16:3-5 या पत्तो लगाउनुहोस...**

- अक्वीला अनि प्रिस्कीला जसले आफैलाई सहयोग पुरयाउँथे प्रेरित पावलले कसरी वर्णन गरे। (3)
- जहाँ पावल अनि तिनीहरु एक साथ काम गर्दथे के त्यो जगह सुरक्षित थिए कि विरोधी थिए। (4)
- मण्डली कहाँ भेट गर्ने गर्थे कि तिनीहरु उपस्थित हुँदथे। (6)

2. **हप्ता भरको क्रियाकलापहरु अनि नयाँ बगाल शुरु गर्नलाई तपाईको सह कर्मीहरु सित योजना तयार पार्नु होस्।**

अक्वीला अनि प्रिस्कीला बारे तपाईहरुले के सिक्न भयो तपाईको सह-कर्मीहरुसित पुनर्विचार गर्नुहोस्। तपाईको सह कर्मीहरुलाई यो स्पष्ट पार्नु होस् कि तिनीहरुको दुई वटा कामहरु छन्, एउटा संसारिक काम अनि एउटा गोठालो गर्ने काम जो प्रभुको निम्ति गर्नु छ। बगालका सदस्यहरुले सानो व्यपार प्रारम्भ गर्नु पर्ने जसले नयाँ बगाल शुरु गर्नमा मदत मिल्दछ भनि तिनीहरु सित छलफल गर्नुहोस्।

कस्तो किसिमको व्यपार तिनीहरुले विकास गर्नु त्यसवारे अंकित गर्नु होस्।

- त्यो यस्तो प्रकारको हुनसकोस जो अर्को शहरमा लान सकछौं।
- तिनीहरु आफैले सम्भाल्न सक्ने हुन पर्छ।
- तिनीहरुले नयाँ सहकर्मीलाई भर्ना गर्न सक्ने हुनपर्छ जसले नयाँ बगाल शुरु गर्नलाई काम गर्न सकछ।
- एउटा साधरण शिल्प शास्त्र अनि कम मुल्यको सामग्रीहरु चलाएर प्रारम्भ गर्न सजिलो हुन पर्छ।
- स्थानीय समाजका मानिसहरुसित सम्बन्ध हुन पर्दछ।
- व्यवसाय गर्ने कर्मचारीहरुलाई तिनीहरुको काम गर्ने समय आफैलाई चुन्न दिनु पर्छ।
- तिनीहरु घर भित्रनै प्रभुको सेवा गर्ने हुनसकनु पर्छ।

व्यपार सम्बन्धि प्रभुको इच्छा बुझनलाई प्रार्थना गर्नु होस्।

तिनीहरुले कस्तो किसिमको गोठालोपनको काम गर्न पर्छ छल-फल गर्नुहोस्। किनभने तिनीहरुसित द्येरै साधनहरु हुँदैनन् वा प्रशस्त समय। तिनीहरुले यसप्रकारले गर्नै पर्छ...

- अरुहरुले घर नखोले सम्मन् नयाँ बगाललाई तिनीहरुकै घरमा डोरयाउनै पर्छ।
- सानै बगाल छँदा चेलाबनउनै पर्छ, जनसमुहमा वा धर्म-मन्दिरमा होइन।
- नयाँ नेताहरुलाई चुपचापसित वा सानु झुण्डमा तालिम दिनु पर्छ।
- तपाईले यस घड़ी पढ़िरहनु भएको जस्तै तालिम सामग्रीहरु प्राप्त गर्नु पर्छ। अध्ययन कम खर्चको हुन पर्छ, सहजै नकल गर्न सकिने जे पनि चुन्न सकिने हुनपर्छ।

3. **आउनेदिनको आराधनाको योजना तपाईको सह-कर्मीहरुसित बनाउनु होस्।**

**पावल-तिमोथी गोठालाको अध्ययन दिनेकाम, भी. 3 ए.**

वर्तमान खाँचोहरु अनि स्थानिय रीतिलाई सुहाउने उचित क्रियाकलाप चुन्नुहोस्।

भाग1 को सुचि अनुसार बाइबलको मुल पाठ पढ्नु होस् अनि अक्वीला र प्रिस्कीलाको कथा भन्नु होस्।

अक्वीला र प्रिस्कीलाको केहि अंशलाई सम्पादन गर्नुहोस्। भाग 1 को पाठहरुलाई तपाईले अध्ययन गरेर के प्राप्त गर्नु भयो त्यसबारे प्रश्न गर्नु होस्। व्यवसाय बारे बातचित गर्न विश्वासीहरुलाई प्रोत्साहन दिनुहोस्।

दई-व्यवसाय गर्नेहरुलाई परमेश्वरले तिनीहरुको कामका कसरी आशिष दिनुहुन्छ एउटा गवाही दिऊन।

विश्वासीहरुले आफ्नो जिविकाको निम्ति कमाई गर्दै गर्दा यस्तो मार्गको खोजी गर्न सकोस् जस्मा तिनीहरुले ख्रीष्टको शरीरको सेवा गर्न सकुन भनी प्रोत्साहन दिनुहोस्।

बालकहरुले नाटक, कविता अनि प्रश्नहरु जो तयार पारेकाछन् प्रस्तुत गर्न लगाउनु होस्।

प्रभु भोजको परिचय गर्नलाई मत्ति 22:1-14 मा. एउटा मानिस जसले विवाहको भोजमा उपस्थित हुँदा सही पोसाक लगाएका थिएनन्। हारुनले वेदीको सेवा गर्दा पुजाहारीको विशेष पोसाक लगाउने गर्थे भनि तुलना गर्नु होस। हामीले पनि येशुलाई हाम्रो आत्मिकी पोशाक झै धारण गर्ने जब प्रभुको मेसमा हामी आउँदछौं,पर्छ।

प्रेरित 20:33-35 एकसाथ कण्ठस्थ गर्नु होस् ।

विश्वासीहरुले एकार्कालाई प्रोत्साहन दिन, संग-संगै योजना बनाउन अनि एकार्काको निम्ति अनि वास्ता नगरेका शहरहरुमा बसो-बसो गर्ने मानिसहरुको निम्ति प्रार्थना गर्नलाई स-साना झुण्डहरु बनाउनु होस्।

# तपाईको काम र समयलाई परमेश्वरको सेवाको निम्ति पाठशालामा प्रयोग गरौं।

अक्वीला र प्रिस्कीला अनि प्ररित पावलले जीवीका चलाउन आफनै हातले परिश्रम गर्थे

**प्रार्थनाः** "प्रभु ईसाई कर्मचारीहरुको किन प्रायः दुई कामहरु हुन्छन् त्यसबारे सिकन बालकहरुलाई मदत गर्नुहोस्। प्रायः सबैले जीवीका चलाउन परिश्रम गदर्छ, जब कि तिनीहरुले गोठाला अनि प्रचारकको रुपमा येशूको पनि सेवा गर्दछन्।"

बालकहरुको निम्ति सिक्नलाई कुनै एउटा क्रियाकलापलाई चुन्नुहोस्।

ठूला बालक वा शिक्षकले पाल बनाउनेहरुको कथा प्रेरित 18:1-11 बाट पठन गर्नु होस्।

कोरन्थीको नगरमा मण्डली शुरु गर्नलाई परमेश्वरले प्रिस्कीला, अक्वीला अनि पावलको काम गर्ने कौशललाई कसरी प्रयोग गर्न भयो, बताउँदछ। जीवीका चलाउनको निम्ति तिनीहरुले पालहरु बनाउनेगर्थे।

यदि हुनसक्छ भनें बालकहरुले यस चित्रलाई रंगले भरुन वा चित्रलाई एउटा पान्नामा उतारुन।



कथालाई वर्णन गरे पश्चात्, यी प्रश्नहरु गर्नुहोस्।

- कोरिन्थीमा बस्नलाई पावलले कहाँ जगह पाए? (उत्तर पद ३ हेर्नुहोस)
- कोरिन्थीमा पावलले आफैलाई कसरी सहयोग पुरयाउने बन्न सके? (३)
- जब यहूदीहरुले पावल देखि सुन्न इन्कार गरे तब तिनले के गरे? (६)
- कोरिन्थीमा पावलको शिक्षाको परिणाम के भयो? (८)
- परमेश्वरले पावलको सवकाइमा आशिष दिदै हुनुहुन्छ भनि तिनले कसरी जान्न सकथे? (९-१०)

**कथाको केहि अंशलाई नाटकीय दृश्य बनाउनु होस।**

नाटक तयार पार्न बालकहरुसित समय बिताउनु होस्। यसलाई छोटयाउन पनि सकनु हुन्छ।

यी भागहरु ठूला बालकहरु वा प्रौड़हरुलाई खेल्नु दिनु होस्:

कथक। कथालाई वर्णन गर्नु अनि बालकहरुले के भन्न पर्ने संझना गराउनमा सहयोग पुरयाउने।
प्रिस्कीला र अंक्वीला। धागो, सियो, लुगा साथमा हुनपर्छ (वा सिलाई गरेको जस्तै गर्ने)।

**पावल-तिमोथी गोठालाको अध्ययन दिनेकाम, भी. 3 बी.**

**पावल।**

साना बालकहरुलाई यी भागहरु खेल्न दिनुहोस्:

**यहूदीहरु**

**क्रिस्पस**

**अन्याजातीहरु**

**नाटक, भाग 1, प्रेरित 18:1-4**

**कथकः** कथाको पहिलो भाग पद 1-4 बाट बताइ दिनु होस्। भन्नोस्, "अक्वीला र प्रिस्कीलाले के भन्दछ सुन्नु होस।"

**अक्वीलाः** पावललाई केहि लुगा दिंदछ अनि भन्दछ "पावल, हामीसित बस्नलाई आउनु होस्, अनि हामी सित काम गर्नु होस्। हामीले झै तिमीले पनि पालहरु बनाउ।

**प्रिस्कीलाः** "हो, हामी तिमीलाई ध्यैरे पैसा कामउनलाई सहयोग दिने छौ जसमा कि तिमी हामीसित बसेर कोरिन्थीमा परमेश्वरको वचन सिकाउन सक्नहुनेछ।"

**पावलः** "मलाई स्वयम सेवक बन्न लाई सहयोग गरिदिनु भएको निम्ति तपाईहरुलाई धन्यवाद। यसो गरिदिनु भएको हुँदा मलाई परमेश्वरको इच्छा अनुसार सभामा जान स्वतन्त्र भएको छु। म प्रत्येक शनिवार सभा घरमा सिकाउनलाई जानेछु।"

**नाटक, भाग 2 प्रेरित 18:5-11**

**कथकः** कथाको दोस्रो भाग भन्नु होस् (पद 5-11)। भन, "सुन्नुहोस यहूदीहरुले के भन्दछन् ।"

**यहूदीहरुः** "पावल, हामी तिमीबाट केहि सुन्न चाँहदैनों। गईहाल।"

**पावलः** आफ्नो लुगा टकटकाएर भन्दछ, "अब उसो तिमीहरु प्रति मेरो कुनै जिम्मेवारी छैन्। म अन्यजातीहरु कहाँ जानेछु। तिनीहरु यीशुको बारे सुन्न चाहन्छन्।"

**क्रिस्पसः** "पावल, अब तिमीले समाघरहरूमा अरु सिकाउन सक्दनौं। अब मेरो घरानालाई सिकाउनु होस्।"

**अन्यजातीहरुः** क्रिस्पसको घरमा हामी अन्यजातीहरुले पावललाई सुन्न सकछौं।"

**क्रिस्पसः** "पावल मैले तपाईबाट सुसमाचार सुनकोछु। म यहूदी समाघरको एक शासक हूँ, तर अब म येशुलाई पछयाउन चाहन्छु। मलाई अनि मेरो परिवारलाई बप्तिसमा दिनु होस।"

**पावलः** तपाईहरु जत्तिले मलाई कोरिन्थीमा रहनलाई सहायता गर्नु भयो म अत्ति धन्यवादी छु। परमेश्वरले मलाई नडराउ भन्नु भएको थियो, किनभने उहाँले यहाँ घेरै मानिसहरुलाई बचाउन चाहनु भएकोथियो।"

**अन्यजातीहरुः** "पावल, हामी तिमीसित छौ किन कि तिमी कोरिन्थीमा सिकाउनलाई रहनु हुनेछ। अब हामी येशूको पछि लाग्छौं किनभने तपाईको काम असल छ।"

**कथकः** नाटक सिद्धिए पछि नानीहरुलाई धन्यवाद भन्नुहोस।

यदि यो नाटक प्रौड़हरुलाई प्रस्तुत हुँदछ भनें, माथिको भाग 1 अन्तर्गत केहि प्रश्नहरु प्रौड़हरुलाई सोघ्न नानीहरुलाई दिनुहोस्।

**पावल-तिमोथी गोठालाको अध्ययन दिनकाम, भी. 3 बी.**

बालकहरुको निम्ति मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाउनु होस्:

- आराधनाको समय प्रौड़हरुलाई नाटक प्रस्तुत गर्नलाई।
- यस अध्ययनको शुरु शुरुमा बनाएका सुचीबाट प्रौड़हरुलाई प्रश्न गर्नलाई
- तिनीहरुले तयार पारेका कविता वा कुनै अरु विषयहरू प्रस्तुत गर्नलाई नानीहरुलाई सोहनु होस:

"परमेश्वरको वचन प्रचार गर्दा मानिसहरुले जीवीका निर्वाह गर्नलाई पाल बनाउने काम बाहेक अरु कुनै तरीकाको उद्धारणहरु के के हुन सकछन्?" (बालकहरुलाई उदाहरण दिन लगाउनु होस्।)

- बालकहरुलाई यो नकल गर्न दिनु होस।
- ठूला बालकहरुले सानाहरुलाई सहायता गरुन।
- तिनीहरुको चित्रहरुलाई अरु आराधनाको समयमा प्रौड़हरुलाई देखउन् ।
- अक्वीला, प्रिस्कीला अनि पावलले झैं परमेश्वरको निम्ति कार्य कौशलहरु हामीले पनि कसरी प्रयोग गर्न सकछौं भन्ने दृष्टान्तलाई तिनीहरुलाई स्पष्ट पार्न लगाउनु होस्।



ईसाई कर्मचारीहरूले ख्रीष्टको विषयमा प्रचार गर्दा अनि अरूलाई सहयोग पुरयाउँदा आफैलाई स्वावलम्बी बनाउन सकछौं भनि नानीहरूलाई बुझाउनु होस्। तिनीहरूले पनि पचारकहरूलाई सहयोग गर्न सकछन्।

ठूल-ठूला निनीहरुले कविता गीत वा छोटो कथा लेखुन, वा ईसाईहरुले येशूको सेवा गर्दा गर्दै आफ्नो जीवीका चलाउन के गर्दछन् भनि आफ्नै आँखाले देखेका कुनै विषयमा एउटा साक्षी दिऊन।

कण्ठस्थ गर्नु होस् :प्रचारकहरू 1 कोरिन्थी 10:31.

प्रपठन चार नानाहरू प्रत्येकले 2 थिस्सलोनिका 3:7,8, र 10 बाट प्रपठन गर्न लगाउनु होस।

प्रपठन: चार जना नानीहरू प्रत्येकले 2 थिस्सलेनिकी 3:7,8,9 र 10 बाट प्रपठन गर्न लगाउनु होस्।

प्रार्थना: "प्रिय प्रभु, हामी तपाईलाई धन्यवाद टक्र्याउदँछौ कारण तपाईले हामीलाई ध्येरै विभिन्न योग्यताहरु दिनु भएको छ हामीसित जत्ति पनि योग्यता अनि कौशलहरु छन् त्यसलाई तपाईको निम्ति प्रयोग गर्नमा सहायता गर्नुहोस्। प्रिस्कीला, अक्वीलाले पावललाई सहयोग गेर झैं हाम्रा कामहरुबाट अरुहरुलाई खुशि साथ सहयोग पुरयाउन सिकाउनु होस।"

# यूसुफ झै, हामी सबैको निम्ति भण्डारी हौ किन कि परमेश्वरले यो हामीलाई सुम्पनु भएको छ

जसले नानीहरुलाई सिकाउँछन् अध्ययन एस. ३ ख पढनु पर्छ।

**प्रार्थना:** "पिता परमेश्वर सबैथोक तपाईकै हुन् अनि हामी सित भएको सबै तपाई देखिनै आएका हुन्। सबैको जतन गर्न अनि सबैथोकले तपाईको आदर गर्न हामीलाई शक्ति दिनु होस्। आमेन।"

**1. परमेश्वरको वचन अनि प्रार्थना द्वारा आफूलाई तयार गर्नुहोस।**

एकदमै शुरुदेखि आज सम्मन परमेश्वरले आफ्नो कुरोहरु जो सृजेका थिए मानिसलाई सम्पन्नु भएको छ।

**उत्पत्ती को 1:26-28** मा पाउनु हुन्छ संसारलाई शासन गर्नलाई मानिस कस्ता छन्। तलका प्रश्नहरु पढ्न भन्दा अघि पाठ देखि उत्तर खोज्नु होस्।



क) मानिसले भुमिलाई परिचालन गर्ने अधिकार कसबाट प्राप्त गर्दछ?

ख) मानिसले पशुहरुलाई हेरचाह गर्ने अधिकार कसबाट प्राप्त गर्दछ?

ग) मानिसहरुले भुमि अनि पशुहरुलाई कति असल तौरले संचालन गर्न सके त्यसको हिसाब कसलाई दिनुपर्ने छ?

[उत्तर: (क) परमेश्वर देखि, (ख) परमशेवर देखि (ग) परमेश्वरलाई।]

यूसफ मिश्रको व्यवस्थापक कसरी भए, **उत्पत्ती 39:2-5** मा पत्तो लगाउनु होस्।



क) जब हामीले अरुहरुको निम्ति कुनैथोक संचालन गर्छौं, परमेश्वरले हामीलाई के गरेको चाहनु हुन्छ?

ख) यदि हामीले मानिसहरुको निम्ति असल परिचालन् गर्छौं भनें तिनीहरुले हाम्रो बारे के विचार गर्दछ?

[उत्तरहरु: (क) तिनीहरुको सम्पत्ती समझदारी साथ परिचालन गरेको वापत तिनीहरुलाई आशिष दिनुहुन्छ। (ख) तिनीहरुले हामीलाई भरोसा गर्नेछ।

**लूका 12:42-48** या पत्तो लगाउनु होस्, हामीले चीजबीचको परिचालन गर्नपर्छ भनि यीशूले कसरी भन्नुभएको छ।

- जब येशू आउनुहुन्छ उहाँले असल भण्डारेहरुलाई कसरी इनाम दिनहुने छ? [उत्तर: पद 42-44)
- जसले आफ्नो अधिकारहरुमा अनाज्ञाकारी बन्दछ् त्यस्ता व्यक्तिहरुसित येशूले कस्तो व्यवहार गर्नु हुनेछ? [उत्तर: पद 45-47]
- जसले द्येरै दखल गरेका छन् ती मानिसहरु देखि येशुले के आशा गर्नु हुन्छ? [उत्तर: पद 48]

**1 कोरिन्थी 4:1-4** मा पत्तो लगाउनुहोस्, परमेश्वरको सत्यताको भण्डारेहरु बारे उहाँले के भन्नुहुन्छ?

- परमेश्वरले हामी भण्डारेहरुमा के चाहनु हुन्छ?
- [उत्तर: हामीलाई विश्वसनीय भेटाउनै पछे।]
- भण्डारेहरु को हुन भनि हामीलाई कसले जाँच्ने छ?
- [उत्तर: अरुहरुले, सभाहरुले अनि परमेश्वर आफैले]

**1 थिस्सलोनीकी 4:1-8** मा पत्तो लगाउनु होस् हाम्रा शरीरहरुलाई हामीले कसरी संचालन गर्दछौं।

- हाम्रा शरीरहरुमाथि कसको अधिकार छ? [उत्तर: पद 1र2]
- यस द्यरतीमा हाम्रो जीवन रहुञ्जेल हाम्रो शरीरहरुलाई कसरी प्रयोग गर्छौ? [पदहरु 3-5]
- यदि हाम्रो शरीरहरुले अरुलाई धोका दिदछौं भनें, प्रभुले के गर्नु हुनेछ? [उत्तर: पद 6]
- हाम्रा शरीरहरुलाई संचालन गर्न सकोस् भनि परमेश्वरले हामीलाई के दिनु हुन्छ? [उत्तर: पदहरु 7 र 8]

**1 पत्रुस 4:10-11** मा पत्तोलगाउनु होस्, तपाईको आत्मिकी वरदानहरुलाई कसरी संचालन गर्नु।

- हामी कस कसले परमेश्वरबाट आत्मिक वरदान पाएका छौं? [उत्तर: हामी प्रत्येकले]
- दुई थरीका आत्मिकी वरदानहरु केको निम्ति प्रयोग गरिन्छ? [उत्तर: परमेश्वरको निम्ति बोल्नु परमेश्वरको सेवाको निम्ति]
- हामीमा भएको आत्मिकी वरदानहरुलाई उपयोग गर्न कसबाट शक्ति प्राप्त गर्दछौं? [उत्तर: परमेश्वर बाट]
- जब हामी हाम्रा आत्मिक वरदानलाई काममा लगाउँछौं, महिमा कसले पाउन पर्ने हो? [उत्तर: येशू ख्रीष्ट]

**2. हप्ता भर गरिने क्रियाकलापहरुको योजना तपाईको सहकर्मीहरुसित बनाउनु होस्।**

तपाई अनि तिनीहरुले कति असल संचालन गरिरहनु भएको छ एक साथ बसेर चर्चा गर्नुहोस्

1) तपाईको अधिकारहरु 2) अरुहरुसित भएको अधिकार 3) परमेश्वरको सत्यता 4) तपाईको शरीरको अनि 5) तपाईको आत्मिक वरदान को।

यी कुराहरुलाई प्रत्येकले कसरी उत्तम प्रकारले संचालन गर्न सक्छन् बताउन दिनुहोस।

यी सबै थोकहरुमा अझ घेरै विश्वास हुनलाई परमेश्वरको सहायताको निम्ति एक साथ प्रार्थना गर्नु होस्

जो जति असल भण्डारे हुन खाँचो छ ती विश्वासीहरुलाई हेर्न जानुहोस्।

- माथिका पदहरु झैं केहि बाइबलका पदहरु पढ्नु होस्।
- परमेश्वरले तिनीहरुलाई विश्वासी बन्नमा सहायता गरुन भनि विश्वासीहरू सित मिलेर प्रार्थना गर्नु होस्।

**3. आउने वाला आराधनाको योजना सह-कर्मीहरुसित गर्नु होस्।**

भण्डारेपन बारे बाइबलका पदहरु पढ्नु होस अनि बुझाउनु होस्, माथि बताए जस्तो।

भण्डारेपन बारे यी सत्यताहरुलाई व्याखा गर्नु होस:

- परमेश्वर सबै असल थोकहरुको मालिक अनि सृष्टिकर्त्ता हुनुहुन्छ।
- परमेश्वरले प्रत्येक व्यक्तिलाई घ्रेरै कुराहरु सोम्पन्नु हुन्छ। (जीवन, शरीर, भुमि, पशुहरु, अधिपत्य, काम, नौकरहरु, बाल-बच्चाहरु, ज्ञान, पैसा, बाइबल, आत्मिक वरदानहरु इत्यादि।)
- परमेश्वर आफ्नो प्रतिज्ञा अनुसार सम्पूर्ण तौरले विश्वसी हुनुहुन्छ।
- परमेश्वरले हामीलाई सम्पन्नु भएको सबै माथि विश्वासी बन्नमा सहायता गर्न चाहनुहुन्छ।
- तिनीहरु कति विश्वासी बन्न परमेश्वरले हरेकको न्याय गर्नुहुनेछ।
- जुन विश्वासीहरुले आफ्नो शरीरले अरुहरुलाई धोखा दिंछछ परमेश्वरले तिनीहरु माथि दण्ड ल्याउनु हुनेछ।
- परमेश्वर तिनीहरुलाई इनाम दिनु हुनेछ जसले आफ्नुमा भएको सबै थोकमा विश्वासी बन्दछ।

तपाईलाई एक असल भण्डारे बन्नुमा परमेश्वरले कसरी सहयोग गर्दै हुनुहुन्छ बताउनु होस्।

एक असल भण्डारे बन्न परमेश्वरले विश्वसीहरुलाई कसरी सहयोग गर्दै हुनुहुन्छ सो बारे बताउन निम्त्याउनु होस्। तिनीहरु के भन्छन् सुन्नलाई पर्खनु होस्। यदि तिनीहरुले चर्चा गरेनन् भनें, तब तपाईले त्यसो गर्नुहोस।

परमेश्वरको भण्डारे भएको हुनाले उहाँले सुम्पान्नु भएको थोकहरु

हाम्रो शरीरहरु जसलाई खुवाउनु, सुरक्षित अनि पवित्र राख्नु पर्छ।

हाम्रो भुमि जसलाई हामीले प्रयोग गर्नुछ अनि भूक्षरणबाट रक्षा गर्नु छ।

हाम्रो पशुहरु जसबाट हामी बाँच्नु छ अनि मनुष्यवत् व्यवहार गर्नुछ।

हाम्रो पैसाहरु जसले हाम्रो खाँचोहरु अनि अरुहरुको खाँचो पुरा गर्दछ।

हाम्रा नानीहरु जसलाई पालन-पोषण गर्नुछ, रक्षा गर्नु, अनि धर्मोपदेश प्रचार गर्नुछ।

हाम्रा माता-पिताहरु जसलाई हामीले आदर गर्नु अनि ध्यान दिनुछ।

हाम्रा घर अनि सम्पत्ती जो खाँचो अनुसार बाँड़नु छ।

हाम्रा आत्मिक बरदानहरु जसद्वारा हामीले एउटाले अर्कोको सेवा गर्नुछ।

हाम्रो ज्ञानहरु जो ती खाँचोमा परेकाहरुलाई प्रचार गर्नुछ।

हाम्रो विश्वास येशूमा जसलाई प्रत्येकदिन हामीले व्यवहारमा ल्याउनुछ।

अरु कुनै विषयहरु जो तपाईले बताउन सक्नु हुन्छ?

बालकहरुले तयार पारेका नाटक अनि प्रश्न उत्तरी बालकहरुलाई प्रस्तुत गर्न लगाउनु होस्।

प्रभुभोजको परिचय दिनलाई 2 इतिहास 35:15-19

पढ़नु होस्। योशियाह एक असल राजा जसले परमेश्वरका लोगहरुसित निस्तारचाड़को भोज गेर जो तिनीहरुले लत्याएका थिए भनि स्पष्ट पार्नु होस्।

प्रभु भोज ईसाईहरूको निस्तार चाड़ को भोज हुन्।

साथ साथै कण्ठस्थ गर्नुहोस 1 कोरिन्थी 14:2 "विश्वासयोग्य भण्डारेको दरकार छ।"

विश्वासीहरु अनि अतिथीहरू को दुई वातीन स-साना झुण्ड बनाउनु होस् तिनीहरुलाई खाँचोहरु मानी लिन लगाउनु होस, असल भण्डारे बन्नलाई तिनीहरुको अभिप्राय व्यक्त गर्न दिनु होस्, अनि एकार्काको निम्ति प्रार्थना गर्नु होस।

# हामीले परमेश्वरको सेवा कसरी गर्छौं

## एउटाले अर्कोको सेवा गर्न बालकहरुलाई सिकाउनु होस्

बालकहरुको अध्ययनको निम्ति कुनै एक क्रियाकलाप चुन्नुहोस।

एक ठूलो बालक वा शिक्षकलाई विश्वासी भण्डारेको बारेमा मत्ति 25:14-30 पढ्न लगाउनु होस्।

- परमेश्वरले उहाँको निम्ति हामीहरुलाई काम दिनु हुन्छ भनि कथाले बताउँछ।
- हामी उहाँको भण्डारीहरु हौं; उहाँले दिनु हुने सबै थोकहरुले उहाँकै सेवा गर्नु पर्छ।
- 'दिनार' एउटा सुनको पैसा थियो भनि बुझाउनु होस्।



कथा सुनाए पछि, यी प्रश्नहरु गर्नुहोस। (यदि उत्तरहरुको खाँचो भए प्रत्येक। प्रश्नको पछि पाउनु हुनेछ।)

- त्यो मानिसले ती तीन चाकरहरुलाई कति कति दिनार दिएका थिए? (पद 15 हेर्नु होस्)
- ती प्रत्येक चाकरहरुले ती पैसालाई के गरे? (पद 16-18 हेर्नु होस्)
- जब चाकरहरुले ती पैसा बुद्धिमानी साथ प्रयोग गरे मालिकले के भनें? (पद 21 हेर्नु होस)
- त्यो अल्छे नोकरले उसको एउटै सुनको सिक्कालाई के गरे? (पद 25 हेर्नु होस्)
- त्यो नोकरको के भयो? (पद 30 हेर्नु होस्)

विश्वासी भण्डारेको कथामा आधारीत नाटक गर्नु होस्।

- यस नाटकलाई प्रस्तुत गर्न मण्डलीका विशेष अवगुवाहरूसित निश्चित गर्नुहोस्।
- नाटक तयार पार्नलाई बालकहरुसित समय बिताउनु होस्।
- कथाको सम्पूर्ण भागलाई लिनु आवश्यक छैन्।
- ठूला नानीहरुले सानाहरुलाई तयारी गर्नमा सहयोग दिऊन।
- बालकहरुले पन्द्रहवटा ठूलो सिक्काहरु तयार पारून तिनीहरुले मोटो कागजबाट काटेर बनाउन।

ठूला नानीहरु वा प्रौढ़हरुले यी भागहरु गरुन:

**कथकः** कथालाई छोटकरीमा भन्नुहोस अनि बालकहरुले के भन्नु पर्ने र गर्नु पर्ने सम्झना गराउन सहयोग दिनु होस्।

**घरको मालिक।** यात्राको निम्ति एउटा झोला अनि आठ सिक्काहरु लिनु होस्।

**साना नानीहरुले यी भागहरु गरुनः**

विश्वासी नोकरहरु पहिलो अनि दोस्रो

अल्छे नोकर। एउटा चटान हुनपर्छ।

व्यपारीहरु व्यपारलाई प्रतिनिधित्व गर्ने थोकहरु (हातहतियार, बाकसहरु वा कागजहरु) हुनपर्छ। साथै, सात ठुला सिक्काहरु पनि तिनीहरु माझ हुनपर्छ।

**विश्वासी भण्डारे उखानलाई नाटकीय पार्नु होस्**

कथकः मत्ती 25:14-18 बाट कथाको पहिलो भाग भन्नु होस्। त्यास पछि भन्नुहोस्, "सुन्नुहोस् घरको मालिकले के भन्दछ।

**घरको मालिकः** तपाईको झोला कुममा राखेर भन्नु होस "मेरा नोकरहरु म लामो यात्रा गर्न जाँदैछु। आउ म जान भन्दा अघि तिमीहरु प्रत्येकलाई केहि पैसा लगानी गर्न दिन चाहन्छु।"

पाँच सिक्का गनेर पहिलो नोकरलाई दिनुहोस्।

दुइ सिक्का गनेर दोस्रो नोकरलाई दिनुहोस।

एक सिक्का अल्छे नोकरको निम्ति भएको होस्।

**विश्वासी नोकरहरु पहिलो र दोस्रोः** तिनीहरुसित भएको पैसाले व्यपारीकोमा गएर केहि थोकहरु किनेको बहना गर्ने (कल-पुर्जा, हात-हतियार, एउटा बाकस वा जगा-जमीन, इत्यादि)। तपाईसित भएको सिक्काहरु दिनुहोस।

**अल्छे नोकरः** यता उती हेरेको जस्तै गरेर, कसैले त हेरि रहेको छैन भन्ने बहना गर्नु होस। तब तपाईको सिक्का एउटा चटानको भुई मुनि लुकाउनु होस्। भन्नुहोस् "मेरो सिक्का सुरक्षित राख्नलाई यहाँ लुकाई राख्ने छु।"

**कथकः** मत्ति 25:19-23 बाट कथाको दोस्रो भाग बताउनु होस् त्यस पश्चात भन्नुहोस "सुन्नुहोस् घरको मालिकले के भन्दछ।"

**घरको मालिकः** "म यात्राबाट फर्कि आएको छु। मेरा नोकरहरु मैले तिमीहरुलाई मेरो निम्ति लगानी गर्न भनि दिएको सुनको सिक्काहरु के गरयौ मलाई हिसाब देखाऊ।"

**विश्वासी नोकरहरु पहिलो अनि दोस्रोः** व्यपारीहरु कहाँ फेरि जानु होस् अनि आफूसित भएको बेच्नु होस्।

**व्यपारीहरुः** नोकरहरुले बिक्रि गरेको लिंदछ। जोड्ले भन्नुहोस, "यस पटक मलाई बिक्रि गर्नलाई तिमीसित घेरै थोकहरु छन्!" तपाई अत्ति व्यस्त हुनुहुन्छ।"

तिनीहरुको सिक्का दिनु होस् साथै अरु सिक्का थप्नु होस्। जुन नोकरले पाँच तिरे दश प्राप्त गर्छ, अर्कोले दुई तिरेका थिए चार प्राप्त गर्छ।)

**पहिलो विश्वासी नोकरः** मालिक कहाँ फर्कन्दछ अनि भन्छ "मैले हात हतियारहरु (वा तपाईले जे पनि किन्न वा बेच्नु भयो) किने अनि त्यसलाई दोबर बनाएँ। तपाईले मलाई पाँच सुनको सिक्क दिनु भएको थियो, यो लिनु होस् दश।" (तपाईले के किन्न भयो अनि बिक्रि गर्नु भयो बताउनु होस्।)

**मालिकः** "श्याबासं आउ मसित बस, मेरा विश्वासी नोकरहरु। अर्को नोकर कहाँ छ?"

**कथकः** कथाको तेस्रो भाग भन्नुहोस (मत्ती 25:24-30)। त्यस पश्चात् भन्नुहोस् "सुन्नुहोस त्यो अल्छे नोकरले के भन्दछ।"

**अल्छे नोकरः** जानु होस् अनि चटान मुनिबाट एउटा सिक्का निकाले र मालिकलाई दिनुहोस। त्यसपछि भन्नुहोस "हजुर तपाईको पैसा लिनुहोस्। मैले यसबाट केहि गरीन, यसलाई गुमाउँछु भन्ने मलाई डर थियो। मैंले एउटा चटान मुनि लुकाई राखें।"

**मालिकः** "अल्छे नोकर! मैले तँलाई दिएको सिक्कालाई लगानी गरेनस्। संघैको लागी मेरा घरबाट गइहाल।"

**कथक वा ठुलो नानी।** नाटक शेषभयोभनि हेर्नेहरुलाई भन्नुहोस अनि नाटकमा सहयोग पुर्‍याउनेहरुलाई धन्यवाद दिनुहोस्।

**प्रश्नहरु गर्नुहोस्।** यदि नानीहरुले प्रौड़हरुका निम्ति नाटक गर्दछन् भनें, तब नानीहरुलाई माथि राखिएको प्रश्नहरु पनि प्रौड़हरुलाई गर्न लाउनु होस्।

**छल फलः** 'परमेश्वरले दिनु हुने अरु आशिषहरु के हुन सक्छ जसलाई हामीले उहाँको सेवा गर्नमा प्रयोग गर्न सक्छौं?" (प्रौड़हरु वा बालकहरुले उदाहरणहरु देऊन।)

पाँच वटा ठूला-ठूला सिक्काको चित्र बनाउनु होस् अनि नानीहरुलाई नकल गर्न लगाउनु होस्।

- यसमा ठूला नानीहरुले सानाहरुलाई सहयोग गरुन।
- यी चित्रहरुलाई प्रौड़हरु माँझ आराधना को समयमा वा घरमा माता-पितालाई देखाउन लगाउनु होस्।
- परमेश्वरले हामीलाई दिनु भएको वरदानहरुलाई उहाँकै सेवाको निम्ति प्रयोग गर्दा आशिष दिनु हुन्छ



**पावल-तिमोथी बालकहरुको अध्ययन दिनेकाम, एस. 3 बी**

भनि नानीहरुलाई त्यो सिक्काको उदाहरणबाट व्याख्या गर्न लगाउनु होस्।

कण्ठस्थ गर्नुहोस मत्ती 6:24

कविता- तीन नानीहरु प्रत्येकले भजन संग्रह 65:4,5 अनि 9 देखि प्रपठन गरुन्।

परमेश्वरको वरदानहरुलाई अरुको निम्ति प्रयोग गर्ने बारे ठूला नानीहरुलाई कविताहरु गीतहरु, वा नाटक लेख्न दिनुहोस्।

प्रार्थना: "प्रिय प्रभु, तपाई अति उदारमना हुनुहुन्छ, तपाईले हामीलाई धेरै वरदानहरु, आशिषहरु दिनुहुन्छ। यी वरदानहरुले तपाईको सेवा गर्न हामीलाई मदत गर्नु होस्। हामीलाई तपाईको नाऊमा अरूप्रति विश्वासी बन्नमा मदत गर्नुहोस्। जब हाम्रो वरदानहरुलाई तपाईको निम्ति प्रयोग गर्न चुक्छौं, हामीलाई क्षमा गर्नु होस।"